# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| खण्ड १ | अंक: २ | जेष्ठ, ०२ गते २०८२ साल | (संख्या: ११) |


## भाग-२

नगर कार्यपालिकाको मितिः २०८२/०१/२७ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकका लागि स्वयं सहायता समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना**: उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित, उपचारमा रहेका र सोहि कारणले अपाङ्गता भएका नागरिकहरुको औषधी उपचारमा सहज पहुँच पुर्याउन, एकल वा समूहगत रुपमा स्वयं हेरचाह गर्न, सीप विकास गरी आय आर्जनका क्रियाकलाहरुमा संलग्न हुन, व्यवसाय संञ्चालन गर्न, वचत जम्मा गरी स्वाबलम्बी बन्न, प्रभाबित नागरिकहरु प्रतिको भेदभाव र लाञ्छना हटाई साथै स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका अन्य अपाङ्गता भएको व्यक्ति साथै सीमान्तकृत वर्गलाई मूलधारमा समाहित गरी सामाजिक रुपमा पुर्नस्थापना गर्न बर्दघाट नगरपालिकामा स्वयं सहायता समूहको गठन, ब्यवस्थापन र परिचालन गर्न वाञ्छनीय भएकोले, बर्दघाट नगरपालिका स्वास्थ्य तथा सरसफाई ऐन, २०७९, बर्दघाट नगरपालिका स्वास्थ्य नीति, २०७९, र बर्दघाट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम बर्दघाट नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

**प्रारम्भिक:**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "उपेक्षित उष्ण प्रदेशLय रोग प्रभावित नागरिकका लागि स्वयं सहायता समूह गठन, व्यवस्थापन र परिचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ,

(२) यो कार्यविधि बर्दघाट नगरपालिकाबाट स्वीकृत भएको मितीदेखि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "उपेक्षित उष्ण-प्रदेशीय रोग" भन्नाले वास्ता नगरिएको, हेला गरिएको तथा उष्ण प्रदेशीय र सम-सितोष्ण क्षेत्रमा रहेका १४९ देशहरूमा यस्ता रोगबाट प्रभावितहरूको समूहलाई जनाउछ । जस अन्तर्गत विश्व स्वास्थ्य सगंठनका अनुसार नेपालमा पाइएका उपेक्षित उष्ण-प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले, जुका, डेङ्गु/चिकनगुनिया, रेबिज, सर्पदंश, लुतो, कालाजार, फित्ते-जुका, माइसेटोमा क्रोमोब्लास्टोमाइकोसिस, तथा खस्रे रोग पर्दछन्।

ख) "कार्य समिति" भन्नाले कार्यविधि अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई जनाउनेछ।

ग) "गैर सरकारी संस्था" भन्नाले बर्दघाट नगरपालिकामा उपेक्षित उष्ण-प्रदेशीय रोगहरुका विषयमा क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थालाई जनाउनेछ ।

घ) "निर्देशनालय" भन्नाले स्वास्थ्य मन्त्रालय मातहतको स्वास्थ्य निर्देशनालय सम्झनुपर्छ ।

ङ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

च) "सदस्य" भन्नाले यस कार्यविधि अनुसार गठन भएका स्वयं सहायता समूहका सदस्यलाई बुझाउछ ।

छ) "संरक्षक समिति" भन्नाले दफा १९ को उपदफा २ बमोजिम गठित समितिलाई जनाउनेछ ।

ज) "साधारणसभा" भन्नाले दफा ११ बमोजिम गठित सभालाई जनाउनेछ ।

झ) "स्वयं हेरचाह समूह" भन्नाले यस कार्यविधिमा उल्लेखित उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित ब्यक्तिहरु, उपचारमा रहेका ब्यक्तिहरु, सो कारणले अपाङ्गता भएका ब्यक्तिहरु जसले स्वयं हेरचाह गर्न र कुनै व्यवसायमुलक कार्यद्वारा आय-आर्जन गरी आत्मनिर्भर हुने ईच्छुक ब्यक्तिहरुको समूहलाई जनाउनेछ।

ञ) "हित-कोष" भन्नाले समूहलाई स्वाबलम्बी बनाउन स्वयं सहायता समूहले नियमित रुपमा संकलन र बचत गरेको, अन्य निकायबाट आय-आर्जनमा सघाउ पुर्याउने उद्देश्यले उपलब्ध गराउने अनुदानलाई बुझिन्छ ।

ट) "सल्लाकार समिति" भन्नाले दफा १९ को उपदफा ३ बमोजिम हुनेछ।

ठ) "स्वयं सहायता समूह" भन्नाले दफा २ "झ" मा भनिएका व्यक्ति साथै स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्ग (अति गरिव, साथै अन्य) द्वारा आत्मनिर्भर हुन गठित समूहलाई जनाउँछ।

३. **<u>स्वयं सहायता समूहको उद्देश्य:</u>** (१) बर्दघाट नगरपालिकामा गठन भई दर्ता हुने स्वयं सहायता समूहको देहाय बमोजिमका उद्देश्यहरु हुनेछन्:

क) समुदायमा उपेक्षित उष्ण प्रदेशीय सकृय रोगबाट प्रभावित नागरिकको खोजपड्तालमा स्वास्थ्य शाखालाई सहजिकरण गर्ने,

ख) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकलाई बर्दघाट नगरपालिकाको स्वास्थ्य शाखाको समन्वयमा प्राथमिक उपचार, निदान, प्रेषण र पुर्नस्थापनाका लागि सहजिकरण गर्ने,

ग) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकप्रति समुदायमा हुने भेदभाव तथा लाञ्छना हटाउन सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको समन्वयमा व्यवहार परिवर्तन र स्वास्थ्य शिक्षा सम्बन्धी जनचेतना जगाउने,

घ) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकलाई स्वाबलम्बी भई समाजमा सम्मानजनक जीवनयापनका लागि स्वयं सहायता समूहले सञ्चालन गरेको हित-कोषबाट प्रचलित कानून अनुसार अनुदान उपलब्ध बनाउने,

ङ) स्वयं सहायता समूहले गरेको कार्यक्रमहरुको अभिलेखिकरण र प्रगति विवरण बर्दघाट नगरपालिकाको स्वास्थ्य शाखामा पेश गर्ने र बार्षिक लेखा परिक्षण गराउने,

च) उपेक्षित उष्ण प्रदेशीय रोगबाट बञ्चितीकरणमा परेका व्यक्तिलाई मूल धारमा समाहित गरी जीवनस्तर सुधार गर्ने,

छ) स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्ग (अति गरिव, साथै अन्य)हरुलाई आत्मनिर्भर गराई जीवनस्तर सुधार गर्ने।

४. **<u>स्वयं सहायता समूहको गठन:</u>**

(१) बर्दघाट नगरपालिकाको कुनै क्षेत्र, वार्ड वा टोलमा उपेक्षित उष्ण प्रदेशीय रोगहरुवाट प्रभावित नागरिकहरु, उपचारमा रहेका नागरिकहरु र सो कारणले अपाङ्गता भएका नागरिकहरुलाई संगठित गरी उनीहरुको स्वयं हेरचाह गर्न, आय-आर्जनका कृयाकलापहरुमा संलग्न भई दैनिक जीविकोपार्जन गर्न तथा व्यवसायमुलक कार्यद्वारा आत्मनिर्भर बनाउन स्वयं सहायता समूहको गठन गरिनेछ साथै समूहमा समुदायका स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्ग (अति गरिव, साथै अन्य) हरुलाई समूहमा आबद्ध गरिनेछ ।

(२) समूहमा आवश्यक संख्यामा सदस्यहरु रहनेछन् ।

५. **स्वयं सहायता समूहको दर्ता**: (१) दफा ३ बमोजिम गठन हुने समूहहरु बर्दघाट नगरपालिकाको स्वास्थ्य शाखामा देहायका कागजात सहित दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

क) अनुमूची २ बमोजिमको निवदेन,

ख) समूह गठन भएको निर्णय पुस्तिकाको (माइन्युट) प्रतिलिपि,

ग) सम्वन्धLत वडा कार्यालयको सिफारिस,

घ) स्वयं सहायता समूहको बिधानको प्रतिलिपी,

ङ) स्वयं सहायता समूहका प्रत्येक सदस्यको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी वा वडा कार्यालयको सिफारिस,

च) न्यूनतम १५ जना सदस्यहरुको नागरिकताको विवरणः नाम, ठेगाना, पासपोर्ट साईजको फोटो, रोग तथा अपाङ्गताको प्रकार र निजको हस्ताक्षर भएको फारम,

छ) समूहको बार्षिक कार्ययोजना,

ज) दर्ताको लागि अधिकार प्रदान गरेका नागरिकको नाम सहितको समूहको अख्तियारी पत्र ।

(२) सम्बन्धित स्वयं सहायता समूहले पेश गरेका उल्लेखित कागजातहरू स्वास्थ्य शाखाले अध्ययन गरी अनुसूची ३ बमोजिम दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

६. **स्वयं सहायता समूहको काम, कर्तव्य र अधिकारः** (१) दफा ३ बमोजिम गठन भएका समूहका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन्ः

क) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित भएका नागरिकहरुको स्वयं हेरचाह दैनिक रुपमा गर्ने,

ख) कुष्ठरोगी, हात्तीपाईले तथा उक्त कारणले अपाङ्गता भएका नागरिकहरुलाई समाजले हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउन तथा उनीहरु माथि हुने विभेद हटाउन संगठित रुपमा कार्य गर्ने,

ग) उपेक्षित उष्ण प्रदेशीय रोगहरुको कारणले हुने अपाङ्गताको संभावित जोखिमबाट बचाउन प्रबर्द्धनात्मक कार्य गर्ने,

घ) आय-आर्जनका कृयाकलापमा सहभागी भई आर्थिक सुदृढिकरणमा सघाउ पुर्याउने,

ङ) रोग लुकाउने प्रवृति हटाउन सामाजिक अभियानका रुपमा परिचालन गर्ने गराउने,

च) स्वास्थ्य सम्बन्धी जनचेतना फैलाउने र घर घरमा गई परामर्श तथा रोगको खोजी गर्ने,

छ) सहयोगी भावना, सामूहिक कार्य, धार्मीक तथा सामाजिक कृयाकलापहरुमा भाग लिने,

ज) समाजमा हुने सबै खालका भेदभाव र दुर्व्यवहारको विरुद्ध एक जुट भई अभियान सञ्चालन गर्ने,

झ) सदस्यहरुको सीपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने,

ञ) सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका कृयाकलापहरु सञ्चालन गर्ने,

ट) सदस्यहरुवीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितब्ययी भावनाको विकास गर्ने,

ठ) स्वयं सहायता समूहका सदस्यहरुले नियमित बचत वृद्धि कार्यक्रमबाट आफ्नो उत्पादनशील आयमुलक एवं सिपमुलक कृयाकलापको लागि सरल रुपमा सापटी लिई आय आर्जनका कार्यहरु गर्ने,

ड) स्वयं सहायता समूहको हितको लागि हित-कोष को स्थापना गर्ने र कोषको प्रभावकारी परिचालन गर्ने,

ढ) स्वयं सहायता समूहको उद्देश्य पुरा गर्न समान उद्देश्य भएका स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय सघं संस्थाहरुसगँ समन्वय, सहयोग, र सहकार्य गर्ने ।

७. **स्वयं सहायता समूहको छाप**: (१) स्वयं सहायता समूहको विधानमा व्यवस्था भए बमोजिम एउटा छुट्टै छाप हुनेछ।

८. **स्वयं सहायता समूहको कार्यालय**:

(१) स्वयं सहायता समूह एक संगठित स्वत् संस्था हुनेछ ।

(२) स्वयं सहायता समूहले सम्पत्ति राख्न, खरिद गर्न र बेचबिखन गर्ने अधिकार हुनेछ ।

(३) स्वयं सहायता समूहको कार्यालय बर्दघाट नगरपालिका क्षेत्र भित्र रहनेछ ।

## परिच्छेद २

९. **समूहको सदस्यता**: (१) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित, उपचारमा रहेका नागरिकहरु तथा सोहि कारणले अपाङ्गता भएका साथै स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्गका (अति गरिव, साथै अन्य) ईच्छुक नागरिकहरुलाई स्वयं सहायता समूहको सदस्यता प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम सदस्यता प्राप्त गरेका नागरिकहरुमात्र स्वयं सहायता समूहको कार्यमा क्रियाशिल हुनेछन् ।

१०. **सदस्यहरुको योग्यता**: (१) स्वयं सहायता समूहको सदस्यता लिन देहाय बमोजिमका योग्यता पुगेको हुनु पर्नेछः

क) नेपाली नागरिक वा वडा कार्यालयले प्रमाणित हुन योग्य सिफारिस गरेको,

ख) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित भएको वा उपचारमा रहेको,

ग) उपेक्षित उष्ण प्रदेशीय रोगहरुको कारणबाट अपाङ्गता भएको,

घ) स्वयं सहायता समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको,

ङ) १६ (सोह्र) बर्ष उमेर पुरा भएको,

च) स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्गमा पर्ने ।

तर उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित वा उपचारमा रहेको नागरिक सोह्र बर्ष भन्दा मुनि भए निजको संरक्षण गर्ने एकैघरको अभिभावक पनि स्वयं सहायता समूहको सदस्य हुन सक्नेछन् तर सोह्र बर्ष पुगि सके पछि स्वयं प्रभावित नागरिक नै सदस्य हुनेछ तर शारीरिक असक्तताको कारण स्वयं सदस्य हुन नसकेमा परिवारको नजिकको व्यक्ति सदस्य बन्न सक्ने छ।

## परिच्छेद ३

**११. <u>साधारण सभा:</u>** (१) स्वयं सहायता समूहको साधारण सभा यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको ७ मा व्यवस्था भए बमोजिम हुनेछ।

**१२. <u>साधारण सभाको गणपुरक संख्या:</u>** (१) साधारण सभाको गणपुरक संख्या अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा ८ मा व्यवस्था भए बमोजिम हुनेछ।

**१३. <u>साधारण सभाको सूचना:</u>** (१) साधारण सभाको सूचना अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा ९ मा व्यवस्था भए बमोजिम दिनु पर्नेछ।

**१४. <u>साधारण सभाको काम, कर्तब्य र अधिकार:</u>** (१) साधारण सभाको काम, कर्तब्य र अधिकार अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १० मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१५. <u>कार्य समितिको गठन विधि:</u>** (१) कार्य समितिको गठन विधि अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा ११ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१६. <u>कार्य समितिको काम, कर्तव्य तथा अधिकार</u>:** (१) कार्य समितिको काम, कर्तव्य तथा अधिकार अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१७. <u>स्वयं सहायता समूहको वैठक</u>:** (१) स्वयं सहायता समूहको वैठक अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१८. <u>स्वयं सहायता समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:</u>** (१) स्वयं सहायता समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

## १९. <u>बर्दघाट नगरपालिकाको काम, कर्तव्य र अधिकार</u>ः

**(१) यस कार्यविधिमा बर्दघाट नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकहरुको उपचार तथा पुर्नस्थापनाका लागी ऐन, नीति, रणनीति, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्ने,

ख) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकहरुले उपचार तथा पुर्नस्थापना सेवा पाए नपाएको सुनिश्चित गर्न स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र बर्दघाट नगरपालिकासगँ समन्वय र सहकार्य गर्ने,

ग) समुदायमा उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावितहरुको स्वयं सहायता समूहले सम्पादन गरेका कार्यहरुको स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय र बर्दघाट नगरपालिकासगँको समन्वयमा नियमन गर्ने,

घ) उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावितहरुको उपचार तथा पुर्नस्थापनाको सुनिश्चित गर्न चिकित्सा सेवा तथा अनुगमन महाशाखा मार्फत संघीय स्वास्थ्य मन्त्रालयसंग समन्वय र सहजिकरण गर्ने,

ङ) आफ्नो बर्दघाट नगरपालिकाको क्षेत्र भित्र उपेक्षित उष्ण प्रदेशीय रोगबाट प्रभावित नागरिकहरु तथा उपचारमा रहेका नागरिकहरुको अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन, अपाङ्गता हुनबाट जोगाउँन, भेदभाव तथा लाञ्छना हटाई, आर्थिक तथा सामाजिक रुपले पुर्नस्थापना गराउन, लुकेर बसेका रोगीहरुलाई उपचारमा ल्याउन, प्राथमिकताको क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने,

च) स्थानीय सरकारको एकल अधिकार क्षेत्र अन्तर्गतका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने,

छ) लक्षित वर्गको लागि बिनियोजित आय आर्जन सम्बन्धी बजेटमा स्वयं सहायता समूहका सदस्यहरुको पहुँचमा वृद्धि गर्ने,

ज) अपाङ्गता हुनबाट बचाउन कुष्ठरोग र हात्तीपाईलेको लागि एमसिआर जुत्ता तथा चप्पलको व्यवस्था मिलाउने,

झ) संघीय, प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा व्यवस्था भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने,

ञ) जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागू गर्न नेतृत्व प्रदान गर्ने,

ट) स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्ने,

ठ) लामखुट्टेबाट लाग्ने रोगहरुवाट वच्न रोकथामका उपायहरु बारे प्रचार प्रसार गर्ने,

ड) प्रेषण प्रणालीलाई ब्यवस्थित गर्ने,

ढ) स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा स्वयं सहायता समूहका सदस्यहरुलाई समावेश गर्न पहल गर्ने,

ण) स्वयं सहायता समूहका सदस्यहरुका लागि आधारभुत उद्यमशिलता सम्बन्धी तालिमको व्यवस्था गर्न बजेटको विनियोजन गर्ने,

त) स्वयं सहायता समूहका सदस्यहरुलाइ पालिका स्तरीय विभिन्न समिति तथा निकायहरुमा समावेश गर्न पहल गर्ने,

थ) स्वयं सहायता समूहको आय-आर्जनका गतिविधिहरुमा सहयोग पुर्याउन तथा श्रोत जुटाउन बर्दघाट नगरपालिका भित्रका विषयगत शाखाहरु (स्वास्थ्य शाखा, कृषि शाखा, पशु शाखा, शिक्षा शाखा, योजना शाखा आदि) ले बजेट विनियोजन गर्ने,

द) स्वयं सहायता समूहको सदश्य वा समूहले आय-आर्जनका लागि ब्यबसाय दर्ता गर्न इच्छुक भइ नगरपालिकाको नुकै पनि शाखामा प्रस्ताब लिएर आएमा त्यसलाई निसुल्क दर्ता हुने ब्यबस्था गर्ने,

ध) सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

**(२) स्वयं सहायता समूहको नियमन, संचालन, व्यवस्थापन र अनुगमन गर्न देहाय बमोजिमका पदाधिकारी रहेको ११- सदस्यिय स्वयं सहायता समूहको संरक्षक समिति रहनेछ साथै जिम्मेवारी दफा १९ को १ बमिजिम रहने छः-**

(१) नगर प्रमुख :- संयोजक,
(२) नगर उप-प्रमुख :- सह-संयोजक,
(३) प्रमुख प्रशासकीय अधिकृत:- सदस्य,
(४) सामाजिक विकास समितिको संयोजक:- सदस्य,
(५) महिला तथा बालबालिका शाखाः-सदस्य,
(६) शिक्षा शाखाः-सदस्य,
(७) स्वास्थ्य कार्यलयको उपेक्षित उष्ण प्रदेशीय रोगको फोकल पर्सन:- सदस्य,
(८) स्वास्थ्य शाखामा रहेका प्यारामेडिक्स मध्ये १ जना:- सदस्य,
(९) स्वयं हेरचाह समूहको अध्यक्ष मध्ये १ जना:- सदस्य,
(१०) सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका मध्ये १ जना:- सदस्य,
(११) स्वास्थ्य शाखा प्रमुख:- सदस्य-सचिव

**(३) स्वयं सहायता समूहको सल्लाहकार समितिः- स्वयं सहायता समूहको सल्लाहकार समिति निम्नानुसार रहनेछ साथै यस समितिको मुख्य भूमिका नियमन, अनुगमन साथै सल्लाह सुझाब प्रदान गर्ने, अभिभावक्त्व**

**बहन गर्ने, समन्वयात्मक तथा सहजीकरणको भूमिका निर्वाह गर्ने रहनेछ :-**

(१) वडा अध्यक्ष -१ जना

(२) स्वास्थ्य संस्था -१ जना

(३) महिला स्वयं सेविका -१ जना

(४) शिक्षक -१ जना

२०. **स्वास्थ्य शाखा, स्वास्थ्य संस्था तथा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाको भुमिका,**

(१) **स्वास्थ्य शाखाको भुमिका देहाय बमोजिम हुनेछ:**

क) स्वयं सहायता समूहका सदस्यहरुलाई तालिम प्राप्त स्वास्थ्यकर्मी मार्फत स्वास्थ्य संस्थामा र सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत घरघरमा परिचालन गरि स्वयं हेरचाहको व्यवस्था मिलाउने,

ख) स्वयं सहायता समूहको आय आर्जनका गतिविधिहरुमा सहयोग पुर्याउन तथा श्रोत जुटाउन बर्दघाट नगरपालिका भित्रका विषयगत शाखा (कृषि शाखा, पशु शाखा, शिक्षा शाखा, योजना शाखा आदि) र अन्य सहयोगी निकाय समक्ष समन्वय गर्ने,

ग) स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको लागि स्वयं हेरचाह सम्बन्धी तालिमको व्यवस्था मिलाउने,

घ) स्वयं सहायता समूहको चौमासिक रुपमा अनुगमन गर्ने र आवश्यकता अनुसार वार्षिक प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

ङ) स्वयं सहायता समूहका सदस्यहरुलाई आवश्यक पर्ने आधारभुत स्वास्थ्य सेवा, औषधी तथा उपकरणहरुको व्यवस्था गर्ने र कम्तिमा वर्षमा एक पटक स्वास्थ्य परिक्षण गर्न शिविर सञ्चालन गर्ने,

च) स्वयं सहायता समूहका सदस्यहरुका लागि सारीरिक, मानसिक तथा सामाजिक रुपमा पुर्नस्थापना गर्ने कार्यका लागि बार्षिक कार्यक्रममा समावेश गर्न,

छ) कुष्ठरोग प्रभावितहरुको लागि करेक्टिभ सर्जरी, सहयोगी सामाग्री तथा फिजियोथेरापीको व्यवस्था मिलाउने,

ज) जोखिमयुक्त बस्तिहरुको पहिचान गरि उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावितहरुको खोजपड्ताल गर्न तालिम प्राप्त स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका परिचालन गर्ने,

झ) बस्ती स्तरको योजना तर्जुमा प्रक्रियामा उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकहरुलाई सहभागि गराउन उत्प्रेरित गर्ने,

ञ) कुनै विषेश कारणवस स्वयं सहायता समूहको साधारणसभा तोकीएको समयमा हुन नसकी म्याद थपका लागि अनुरोध भई आएमा औचित्यताको आधारमा साधारणसभाको म्याद थप गर्ने।

(२) **<u>स्वास्थ्य संस्थाको भुमिका देहाय बमोजिम हुनेछः</u>**

क) जोखिमयुक्त बस्तिहरुको सामाजिक नक्साङ्कन गरि उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित व्यक्तीहरुको खोजपड्ताल गरी तथ्याङ्क अद्यावधिक गर्ने,

ख) खोजपड्तालबाट पत्ता लागेका नयाँ विरामीहरुलाई उपचारको दायरामा ल्याउने,

ग) नयाँ विरामीहरु तथा पहिला देखि प्रभावित भएका व्यक्तीहरुको घरदैलो गरी उनीहरुलाई स्वयं हेरचाह सम्बन्धी ज्ञान तथा सिप दिई समूहमा आवद्ध हुन प्रेरित गर्ने,

घ) उपेक्षित उष्ण प्रदेशीय रोग सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मी मध्येबाट १ जना फोकल पर्सन तोकी स्वयं सहायता समूहको मासिक वैठकमा पठाउने र समूहका सदस्यहरुले कार्य गरे नगरेको सुनिश्चित गर्ने,

ङ) स्वास्थ्यजाँच परिक्षण गर्ने र उपचारको व्यवस्था मिलाउने,

च) स्वास्थ्य सम्बन्धी जनचेतनाका कार्यहरु गर्ने,

छ) स्वयं सहायता समूहका नमुना तथा सकृय सदस्यहरुलाई स्वयं सेवकको रुपमा सामाजिक परिचालन गर्ने गराउने,

ज) स्वयं हेरचाह कक्ष निर्माण गरी गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने,

झ) एकिकृत स्वास्थ्य सेवा प्रदान गरी लुकेर बसेका विरामीहरुको खोजी गर्ने,

ञ) पहिचान भएका नयाँ प्रभावित नागरिकहरुले स्वयं सहायता समूहको सदस्यता लिन चाहेमा सिफारिस गर्ने,

ट) स्वयं सहायता समूहका सदस्यहरुलाई क्षमता अभिवृद्धि गरी सामाजिक कृयाकलापमा सहभागी हुन प्रोत्साहित गर्ने,

ठ) हरेक ६-६ महिना प्रत्येक पटक १/१ दिनको अर्धवार्षिक योजना र समिक्षा वैठक राख्ने,

ड) हरेक वर्ष मनाईने विश्व कुष्ठरोग तथा उपेक्षित उष्णप्रदेशीय रोगहरुको दिवशको उपलक्ष्यमा स्वयं सहायता समूहका सदस्यहरुलाई सहभागी गराई विभिन्न किसिमका जनचेतना सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्ने,

ढ) बस्ती स्तरको योजना तर्जुमा प्रक्रियामा उपेक्षित उष्ण प्रदेशीय रोग प्रभावित नागरिकहरुलाई सहभागि गराउन उत्प्रेरित गर्ने,

ण) स्वास्थ्य संस्थाबाट प्रदान गरेको एकिकृत स्वास्थ्य सेवा, अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन स्वास्थ्य शाखालाई प्रत्येक महिना बुझाउने ।

(३) **<u>सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको भुमिका देहाय बमोजिम हुनेछः</u>**

क) नयाँ पत्ता लागेका बिरामीहरुलाई घरमा भेट गरि स्वयं हेरचाह गर्न सिकाउनुका साथै समूहमा आबद्ध हुन प्रेरित गर्ने,

ख) शंकास्पद विरामीहरुलाई नजिकको स्वास्थ्य संस्थामा प्रेसण गर्ने,

ग) स्वयं सहायता समूहको मासिक वैठकमा उपस्थित हुने,

घ) स्वास्थ्य संस्थाबाट उपलब्ध सेवाको उपयोग बढाउन सूचना प्रवाह गर्ने,

ङ) उपेक्षित उष्ण प्रदेशीय रोगबाट प्रभावित नागरिकहरुमा हुने सामाजिक भेदभाव तथा लाञ्छना विरुद्धका कृयाकलापहरुमा अभियन्ताको रुपमा काम गर्ने,

च) उपेक्षित उष्ण प्रदेशीय रोग बाट प्रभावित नागरिक तथा घर परिवारको नक्साङ्कन तयार गर्ने,

छ) सामाजिक भेदभाव तथा लाञ्छना न्युनिकरण गर्नका लागि आमा समूह तथा समुदाय स्तरमा सचेतिकरण गर्ने,

ज) समूह र स्वास्थ्य संस्थावीच पुलको रुपमा काम गर्ने,

झ) बिभिन्न स्वास्थ्य शिविरहरुमा सहयोग पुर्याउने ।

२१. **<u>विकास साझेदारसगँ सहकार्य गर्न सक्ने</u>:** (१) नगरपालिकाले यस कार्यविधि बमोजिमको कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार सँघ संस्थाहरुसँग सहकार्य र समन्वय गर्न सक्नेछ ।

**परिच्छेद ४**

२२. **<u>आर्थिक श्रोतको व्यवस्थापन</u>:** (१) आर्थिक श्रोतको व्यवस्थापन यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १५ को उपदफा १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

२३. **<u>हित-कोष</u>:**

(१) प्रत्येक समूहमा एउटा हित-कोषको स्थापना गरिनेछ ।

(२) हित-कोषको व्यवस्था यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १५ को उपदफा २ मा व्यवस्था भए बमोजिम हुनेछ ।

२४. **<u>हित-कोषको परिचालन</u>** : (१) दफा २५ (१) बमोजिम स्थापना भएको कोषको परिचालन यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १५ को उपदफा ३ मा व्यवस्था भए बमोजिम हुनेछ।

२५. **<u>लगानी सुरक्षण</u>** : (१) लगानी सुरक्षण सम्बन्धी व्यवस्था यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १५ को उपदफा ४ मा व्यवस्था भए बमोजिम हुनेछ।

२६. **<u>आय व्ययको अनुमोदन</u>** : (१) प्रत्येक समूहले यस कार्यविधिको अनुसुची १५ मा रहेको स्वयं सहायता समूहको विधानको दफा १५ को उपदफा ५ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**परिच्छेद ५**

## विविध

२७. **समूहको चल अचल सम्पत्ति** :(१) समूह विघटन भए पश्चात समूहको चल अचल सम्पत्ति बर्दघाट नगरपालिकाको हुनेछ।

२८. **उप-समितिहरु गठन गर्ने**:

(क) कार्य समितिले साधारण सभाबाट स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न समूहको उद्देश्य प्राप्त गर्न आवश्यकता अनुसार उप-समितिहरु गठन गर्न सक्नेछ,

(ख)उप समितिको काम, कर्तव्य र अधिकार समूहको विधान बमोजिम हुनेछ।

२९. **अविश्वासको प्रस्ताव** :

(१)साधारण सभाको सदस्यहरु मध्येबाट एक चौथाई सदस्यहरुले कार्य समितिको कुनै सदस्य वा पदाधिकारी उपर विश्वास छैन भनी अविश्वासको प्रस्ताव दर्ता गरेमा सो प्रस्ताव उपर साधारण सभामा छलफल हुँदा कुल सदस्य संख्याको दुई तिहाइ बहुमतबाट प्रस्ताब पारित भएमा निज पदाधिकारी वा सदस्य आफ्नो पदीय जिम्मेवारीबाट मुक्त हुनेछ,

(२)अविश्वासको प्रस्ताब माथि आफ्नो भनाई राख्ने प्रयाप्त मौकाबाट कुनै पदाधिकारीलाई बन्चित गरिने छैन।

३०. **राजिनामा** :

(१) यस समूहको कुनै पदाधिकारीले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष र अध्यक्षले आफ्नो पदबाट राजिनामा दिन चाहेमा कार्यसमिति समक्ष राजिनामा दिन सक्नेछन् ।

(२) राजिनामा दिएका पदाधिकारीको राजिनामा स्वीकृत नभए सम्म आफ्नो पदमा बहाल रहेको मानिनेछ।

३१. **निर्वाचन सम्बन्धी व्यवस्था**:

(१) यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सभाको वैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

(२) निर्वाचन अधिकृत नियुक्त भएको मितिले एक महिना भित्र निर्बाचन सम्पन्न गराई सक्नु पर्नेछ ।

३२. **उम्मेदवारको अयोग्यता**:(१) कुनै पनि नागरिक देहायका अवस्थामा संचालन समितिको उम्मेदवार अयोग्य मानिने छ:

क) सम्बन्धित बर्दघाट नगरपालिका भित्र बसोबास नभएमा,

ख) नेपाली नागरिकताको प्रमाणपत्र नभएमा

ग) स्वयं सहायता समूहमा आवद्ध नभएमा,

घ) स्वयं सहायता समूहको उद्देश्य विपरित कार्य गरेको प्रमाणित भएमा,

ङ) मानसिक सन्तुलन ठीक नभएमा, विदेशी नागरिक भएमा, मृत्यु भएमा, बसाइसराइ गरी अन्यत्र गएमा,

च) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजाए ठहरिएमा।

**३३. <u>विघटन</u>:** (१) बर्दघाट नगरपालिकाले देहायको अवस्थामा स्वयं सहायता समूह विघटन गर्न सक्नेछः

(क) स्वयं सहायता समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

(ख) उद्देश्य प्राप्त गर्न असफल भएमा र वार्षिक रुपमा नबिकरण नगरेमा,

(२) स्वयं सहायता समूह विघटन भएमा समूह सदस्यहरुले हित-कोषमा वचत गरेको रकम र सो को ब्याज सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ ।

(३) स्वयं सहायता समूहको हित-कोष को रुपमा रहेको सरकारी तथा गैह्र सरकारी संस्थाबाट प्राप्त रकम सम्बन्धित बर्दघाट नगरपालिकाको कोषमा जम्मा हुनेछ ।

**३४. <u>स्वयं सहायता समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु</u>:**

(१) कुनै पनि सदस्यले स्वयं सहायता समूह छोड्न चाहेको खण्डमा निजको हित-कोषमा बचत भएको रकमबाट २ प्रतिशत रकम कट्टा गरी बाँकी रकम समूहले भुक्तानी गर्नु पर्नेछ ।

(२) यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम प्रचलित कानुनले तोके बमोजिम निजको सबैभन्दा नजिकको आफन्तलाई व्याज सहित फिर्ता गर्नु पर्नेछ ।

**३५. <u>सुविधा तथा अबसरको वितरण</u>:** (१) समूहले कुनै पनि सघं, संस्था वा कार्यालयबाट पाएको कुनै पनि सुविधा तथा अवसरहरु आवश्यकता हेरी स्वयं सहायता समूहको वैठकबाट निर्णय गराई पालै-पालो सबै सदस्यले पाउने गरी वितरण गर्नु पर्नेछ।

**३६. <u>कार्यविधि संशोधन</u>:** (१) यो कार्यविधि शंसोधन गर्नु परेमा बर्दघाट नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**३७. <u>बचाउ</u>:** (१) यस बर्दघाट नगरपालिकामा यसै प्रकृतिका स्वयं सहायता समूहको गठन तथा व्यवस्थापन सम्बन्धी भए गरेका सम्पुर्ण कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

**३८. <u>कार्यक्षेत्रः-</u>** स्वयं सहायता समूहको कार्यक्षेत्र अन्य स्वयं सहायता समूहसंग नदोहोरिने गरी नगरपालिका भित्र हुन सक्ने छ ।

(दफा '५'को उप-दफा 'च'सँग सम्बन्धित)

## अनुसुची-१

## फारम नं. १

**जिल्लाः-**

१. दर्ता नं. :-

२. समूहको नाम :-

३. समूहको किसिम :-

४. समूहको ठेगाना :- ....................................न.पा./गा.पा. वडा नं...........

५. गठन मिति :-...........

६. सदस्य शंख्या :- ……..महिला....................... पुरुष.................अन्य..............

७. अपांगता भएका सदस्य शंख्या :-

८. कुष्ठरोगी तथा प्रभावितको संख्या...............

९. हात्तीपाईले प्रभावितको संख्या.........................

१०. अन्य उपेक्षित उष्ण-प्रदेशीय रोगबाट प्रभावितको संख्या.......................

११. उपेक्षित उष्ण प्रदेशीय रोगबाट प्रभावित भई अपागंता भएका सदस्य संख्या...........

१२.अति विपन्न वर्गको संख्या..........

१३.अन्य.....................समूहको मुख्य उद्देश्यः-

**फारम नं. २**

**आर्थिक वर्षको अन्तमा सदस्य संख्याको स्थिति**

| आर्थिक वर्ष | सदस्य संख्यामा थपघट | जम्मा वचत कोष | सदस्यद्वारा जम्मा भएको कोषको मौजुदा स्थिति | थप/घटको कारण |
|---|---|---|---|---|
| | | | | |

**फारम नं. ३**

**समूहको हित-कोष को बार्षिक स्थिति**

| आर्थिक वर्ष | गत बर्षको रकम रु. | वचत कोषमा थप/घटको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |

**नोटः** यो फारम आ.व.को पहिलो दिन (श्रावण १ गते) सम्बन्धित आर्थिक/स्वास्थ्य शाखाद्वारा अनिवार्य रुपमा अद्यावधिक बनाई राख्नुपर्छ ।

## फारम नं.४

## समूहले पेश गर्नु पर्ने चौमासिक विवरण

चौमासिक अवधि :- प्रथम/द्धितिय/तृतिय

न.पा.:- वडा नं.:-

स्वयम सहायता समूहको नाम :-

सदस्यहरुको संख्या:-

नियमित रुपमा स्वयं सहायता गर्ने सदस्यहरुको संख्या:-

समूहमा नयाँ सदस्यहरु थपिएको संख्या:-

मासिक रुपमा स्वास्थ्य सम्बन्धी छलफल भएको विषय:-

आय आर्जनका लागि लगेको जम्मा सदस्य संख्या:-

व्याज वा सावाँ वुझाउने सदस्यहरुको संख्या:-

प्राप्त सहायता जम्मा रु.:-

क) ...................................

ख) ...................................

ग) ...................................

जम्मा लगानी :-

यस चौमासिकको बचत (कुल आम्दानी –लगानी खर्च) रु.:

यस आ.ब.मा खुद आम्दानी (कुल आम्दानी –लागत खर्च) रु.:-

कैफियत

(दफा '५'को उप-दफा'ज'सँग सम्बन्धित)

## अनुसुची-२

## समूह दर्ताको निवेदन

श्री ...........................................................

बर्दघाट नगरपालिका ।

श्री.............................................................शाखाको सहयोगमा म/हामी आफै संगठित भई बर्दघाट नगरपालिकाको, वडा नं ............................मा गठन भएको हाम्रो समूह नगरपालिकामा दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपी सहित यो निवेदन पेश गरिएको छ ।

| |
|---|
| समूहको छाप |

........

..................

समूहको अध्यक्षको दस्तखत

मितिः-

सम्पर्क नं.:-

ठेगानाः-

**समूहको विवरण**

स्वयं सहायता समूहको नाम..................................................स्थापना बर्ष-..........

बर्दघाट नगरपालिकाको नाम-....................................... वडा नं-..............टोल-......................

समूहको उदेश्य-.............................................................

सदस्य संख्या- ...........पुरुष-................महिला-.................... cGo...............

जम्मा-.....................

पदाधिकारीको नाम-

| क्र.सं. | नाम | पद | रोग तथा अपागंताको प्रकार | उमेर | सम्पर्क नम्वर | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नियमित बैठक बस्ने दिन- .........
प्रति महिना समूहको हित-कोषमा संकलन हुने बचत रकम रु- .........
हाल सम्म हित-कोषमा भएको जम्मा बचत रकम रु- .........
समूहको अध्यक्षको सही .........

## स्वयं सहायता समूहका साधारण सदस्यको विवरण

स्वयं सहायता समूह सदस्य रहेको सबै सदस्यहरुको विवरण सम्बन्धित सदस्यलाई नै सोधेर लेख्नु पर्दछ । विवरण हेरफेर भएपछी पुनः तयार गरि नियमित रुपले सच्याउनु पर्दछ ।

**समूहको नाम**:

| क्र.सं. | सदस्यको नाम | वडा नम्वर | गाउँ/ टोल | उमेर | रोग तथा अपागंताको प्रकार | मुख्य पेसा | परिवार संख्या | मोवाईल नम्वर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(दफा'५'को उप-दफा'२'सँग सम्बन्धित)

## अनुसुची-३

## बर्दघाट नगरपालिका
## नगरकार्यापालिकाको कार्यालय
## परासी, नवलपरासी (ब.सु.प)

### स्वयं सहायता समूह दर्ता प्रमाण-पत्र

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै स्वयं सहायता मार्फत अपाङ्गता हुनबाट बच्न, सामाजिक रुपमा पुनर्स्थापना गर्न र आय आर्जनबाट गरीबी न्यूनीकरण गर्ने कार्यलाई टेवा पुर्याउने उद्देश्यले .......... जिल्लाको बर्दघाट नगरपालिका वडा नं .....मा मिति .......... मा गठित......... ......... ......... स्वयं सहायता समूहलाई यस कार्यालयमा अभिलेख दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

...................  ..................

**स्वास्थ्य शाखा प्रमुख**  **प्रमुख प्रशासकीय अधिकृत**

**(स्वयं सहायता समूह दर्ताको प्रमाण पत्रको पछाडी पानामा राख्ने)**

| क्र.सं. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कंफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

(दफा९को उप दफा१सँग सम्बन्धित)

**अनुसुची-४**

## सदस्यताका लागि आवेदन फारामको नमूना

मिति: ..........

श्रीमान अध्यक्ष ज्यू

...................................स्वयं सहायता समूह

महोदय

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्ने इच्छा भएकोले नियमानुसार सदस्यता प्रदान गर्न हुन विनम्र अनुरोध गर्दछु ।

**विवरण**

नाम:-

बाबुको नाम:-

पति/पत्नीको नाम:-

ठेगाना:-

रोग तथा अपागंताको प्रकार:-

**समूह सदस्यताको लागि सिफारिस:-**

१.नाम:-

दस्तखत:-

निवेदक

नाम ....................

दस्तखत.........

(अनुसुची १५ रहेको स्वयं सहायता समूहको विधानको दफा१५को उप-दफा३सँग सम्बन्धित)

## अनुसुची-५
## ऋण माग फारमको नमूना

मिति: ......... .........

श्रीमान अध्यक्ष ज्यू

.........................................

**विषय: ऋण उपलब्ध गराई दिने सम्वन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा मलाई ........................................................................ कामको लागि आवश्यक परेको रु. ........................... (अक्षरुपी.................................... ....................मात्र) समूहमा रहेको हित-कोषबाट ऋण उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । साथै यसै निवेदन साथ जमानी सदस्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार रु................. (अक्षरुपी.............................................मात्र) ऋण किस्ता, मासिक ब्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु ।

**निवेदक**

नाम

दस्तखत

**जमानी सदस्यहरु**

१) नाम
दस्तखत
ठेगाना

२) नाम
ठेगाना
दस्तखत

| **समूह/कार्यालय प्रयोजनका लागि** | | |
|---|---|---|
| ऋण रु. ...................(अक्षरुपी.......................................................मात्र) | | |
| मासिक किस्ता रु. ................... (अक्षरुपी......................................मात्र) | | |
| उपलब्ध भएको मिति | | |
| उपलब्ध भएको चेक नं......................................................................... | | |
| ............ | ............ | ............ |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

अनुसुची १५ रहेको स्वयं सहायता समूहको विधानको दफा·१५·को उप-दफा ३·घ·सँग सम्बन्धित

## अनुसुची-६
## तमसुकको नमूना

लिखित जिल्ला ..............................गा.पा./न.पा./उ.म.न.पा. .................. वडा नं. ......बस्ने ... ......... छोरा/छोरी/पत्नि वर्ष.......... को................................श्री....................स्वयं सहायता समूहबाट निर्धारण गरिएको व्याज दर अन्य शर्त (नियम)का अधिनमा रही आय आर्जनका कृयाकलाप/ आय आर्जनका कृयाकलापमा सहयोग पुर्याउने सीप विकास तालिम/ औजार उपकरण खरिद/ पारिवारिक छात्रवृत्ति, रोजगारी तथा शारिरीक पुनर्स्थापना र आकस्मिक उपचार गर्ने......................... कार्य गर्नका निमित्त सापटी (ऋण) नगद रु. .................. (अक्षरुपी ..............................मात्र) यस समूहको...................बैंक शाखा कार्यालय.........स्थित रहेको खाता................................. चेक नं. ......................... ... ....................... बाट बुझिलिई भाखा राखी तपशिल बमोजिम लेखिएका साक्षी र वडा कार्यालयको रोहवरमा यस समूहको कार्यालयबाट बुझिलिएको ठिक साँचो हो माथि लेखिएको कबुलियत गरिएको भाखा भित्र सावा व्याज तिर्न बुझाउन सकिन भने मेरो चल अचल सम्पत्तीबाट नेपाल सरकारको ऐन कानुन बमोजिम असुल उपर गरी लिएमा मेरो मन्जुरी छ । तपशिल साक्षी किनारा सदर ।

**तपशिल:**

बर्दघाट नगरपालिकाको नाम वडा नं. ........... बस्ने वर्ष................ को श्री..............................

बर्दघाट नगरपालिकाको नाम वडा नं. ........... बस्ने वर्ष............... को श्री..............................

....................................

**वडा कार्यालयको तर्फबाट**

बर्दघाट नगरपालिकाको नाम वडा नं. ........... बस्ने वर्ष................ को श्री...............................

ईति सम्वत् २०......साल...............महिना..................गते रोज...............मा शुभम

(अनुसुची १५-रहेको स्वयं सहायता समूहको विधानको दफा'२'को उप-दफा'ख'सँग सम्बन्धित)

## अनुसूची -७
## मासिक बचत संकलन फारम

समूहको नाम:

साल:

| क्र. सं. | नाम थर | मासिक जम्मा रकम रु. | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैसाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |

## अनुसूची-८
## समूहको लगानी विवरण

समूहको नाम:

| क्र. सं. | लिने नागरिकको नाम | ठेगाना | उद्देश्य | रकम | लिएको मिति | रकम वुझाउने मिति | लिनेको सही |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

## अनुसूची-९
## समूहको ऋण असुली फारम

समूहको नाम:

| क्र. सं. | नाम थर | ठेगाना | ऋण लगेको मिति | सावा रु. | व्याज रु. | जम्मा | बुझ्नेको नाम | बुझेको मिति | रकम बुझ्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

(अनुसुची १५-रहेको स्वयं सहायता समूहको विधानको दफा (१४) को उपदफा (४) को (ख) र (छ) सँग सम्बन्धित)

## अनुसूची- १०

## सम्पत्ति (नगद तथा जिन्सी) खाता

२०……….. साल……….. महिना

| मिति | विवरण | जम्मा रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | जम्मा | | | |

(दफा'८'को'२'सँग सम्बन्धित)

## अनुसूची- ११

## सामान विक्रि तथा आम्दानी खाता

२०……….. साल……….. महिना

| **मिति** | **विवरण** | **आम्दानी रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | जम्मा | | |

(दफा'८'को'२'सँग सम्बन्धित)

## अनुसूची- १२

## सामान खरिद तथा खर्च खाता

२०………… साल………… महिना

| **मिति** | **विवरण** | **खर्च रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | जम्मा | | |

(अनुसुची १५ रहेको स्वयं सहायता समूहको विधानको दफा'१५'को उप-दफा'५'सँग सम्बन्धित)

## अनुसूची- १३

## आय-व्ययको विवरण खाता

२०............ साल............ महिना

| मिति | विवरण | आम्दानी | खर्च | मौन्दात | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

(अनुसुची १५ रहेको स्वयं सहायता समूहको विधानको दफा'१०'को उप-दफा'१'को'ङ' सँग सम्बन्धित)

## अनुसुची- १४

## स्वयं सहायता समूहबाट सञ्चालन गरिने बार्षिक कार्यक्रमको लागि नमूना ढाँचा

समूह/संस्थाको नाम:

आर्थिक वर्ष :

समिति/उपसमिति :

| क्र. सं. | आयोजनाको नाम | लक्ष्य | के गर्ने | | | | समय | अवधि | कहाँ गर्ने | प्रमुख जिम्मेवारी | अनुगमन तथा मूल्यांकन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहको हित-कोष | समूहका सदस्यको बचत | बाह्य श्रोत | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसुची- १५
## दफा '५' को 'घ'सँग सम्बन्धित
## स्वयं सहायता समूहको विधान

**प्रस्तावनाः**

उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित नागरिकहरुले आफ्नो दैनिक स्वयं हेरचाह विधि मार्फत अपाङ्गता हुनबाट बच्न, समाजमा लुकेर बसेका रोगीहरुको पहिचान गर्न, आफ्ना समस्याहरु कम गर्न, मानसिक तनाव घटाउन, एक्लोपनाको महशुस कम गर्न, एक आपसमा दुःख सुःख साटासाट गर्न, सामुहिक र सामाजिक लाभ लिन, आफ्नो समस्याहरुको समाधान गर्न, गरीबी र सामाजिक असमानता तथा भेदभाव हटाउन, आय आर्जनमा वृद्धि गर्न साथै स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका अन्य अपाङ्गता भएको व्यक्ति साथै सीमान्तकृत वर्गलाई मूलधारमा समाहित गरी नियमित बचत संकलनबाट आत्मनिर्भर हुनका लागि स्वयं सहायता समूह गठन गरियो ।

१. <u>प्रारम्भिकः</u>

१.१ <u>संक्षिप्त नाम र प्रारम्भ :</u>

**(क)** यस विधानको नाम " श्री ....................................स्वयं सहायता समूह -२०८१.........हुनेछ,

**(ख)** यो विधान बर्दघाट नगरपालिकामा समूह दर्ता भए पछि तुरुन्त लागू हुनेछ ।

१.२ <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा,

क) "कार्य समिति" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुलाई जनाउनेछ,

ख) "सदस्य" भन्नाले यस विधानको दफा ३ बमोजिम सदस्यता लिएको नागरिकलाई जनाउनेछ,

ग) "समूह" भन्नाले यस विधानमा उल्लेखित उपेक्षित उष्ण प्रदेशीय रोगहरु प्रभावित नागरिकहरु, उपचारमा रहेका ब्यक्तिहरु वा सो को कारणले अपाङ्गता भएका नागरिकहरु, कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्गहरु (अति गरिव, साथै अन्य) जसले स्वयं हेरचाह गर्न र कुनै व्यवसायमूलक कार्यद्वारा आय आर्जन गरी आत्म निर्भर गर्न ईच्छुकहरुको समूहलाई जनाउनेछ,

घ) "साधारणसभा" भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ,

ङ) "हित-कोष" भन्नाले समूहलाई स्वाबलम्बी बनाउन समूहले नियमित रुपमा संकलन तथा बचत गरेको, सरकारी तथा गैह्र सरकारी संस्थाबाट आय-आर्जनमा सघाउ पुर्याउने उद्देश्यले उपलब्ध गराउने अनुदानलाई बुझिन्छ,

च) अन्य कोषः- संस्था संचालनलाई निर्माण गरिएका विभिन्न कोष,

छ) "उपेक्षित उष्ण-प्रदेशीय रोग" भन्नाले वास्ता नगरिएको, हेला गरिएको तथा उष्ण प्रदेशीय र सम-सितोष्ण क्षेत्रमा रहेका १४९ देशहरूमा यस्ता रोगबाट प्रभावितहरूको समूहलाई जनाउFछ। जस अन्तर्गत विश्व स्वास्थ्य सगंठनका अनुसार नेपालमा पाइएका उपेक्षित उष्ण-प्रदेशीय रोगहरु मध्ये कुष्ठरोग, हात्तीपाईले, जुका, डेङ्गु/चिकनगुनिया, रेबिज, सर्पदंश, लुतो, कालाजार, फित्ते-जुका, माइसेटोमा क्रोमोब्लास्टोमाइकोसिस, तथा खस्रे रोग पर्दछन्,

ज) "उप-समिति" भन्नाले संस्था संचालनार्थ निर्माण गरिएका सहायक समिति।

१.३ **समूहको छाप**: गोलो घेरा भित्र यस समूहको नाम "श्री...........स्वयं सहायता समूह-२०८१" रहेको समूहको छाप हुनेछ।

१.४ **<u>समूहको कार्यालय</u>**: यस समूहको कार्यालय ................ जिल्ला ................ उ.म.न.पा वडा नं. ........ मा रहनेछ।

१.५ **<u>समूहको दर्ता</u>**: स्वयं सहायता समूह बर्दघाट नगरपालिकामा दर्ता गर्नु पर्नेछ। साथै आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिनु पर्नेछ।

२. **<u>स्वयं सहायता समूहको उद्देश्य</u>**: (१) स्वयं सहायता समूहका देहाय बमोजिम उद्देश्यहरु हुनेछन्:

क) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट हुन सक्ने संभावित जोखिमको स्वयं हेरचाह मार्फत अपाङ्गता रोकथाम तथा न्यूनिकरण गर्ने,

ख) समूह गठन, आयआर्जनका क्रियाकलापहरु सञ्चालन तथा सामुहिक बचत गरी आत्म निर्भर बनाउने,

ग) समूहका सदस्यहरुलाई सामाजिक रुपले पुनर्स्थापना गर्ने,

घ) सदस्यहरुको आर्थिक तथा सामाजिक जीवनस्तर माथि उठाउने,

ङ) समूहगत रुपमा भएको स्वयं हेरचाह र आय आर्जनका गतिविधिहरुको अभिलेख राखी नियमित अद्यावधिक गर्ने,

च) सदस्यहरुमा पारस्परिक सहयोग, मनो-सामाजिक सहयोग, मितब्ययी तथा मर्यादित सामाजिक भावनाको बिकास गर्ने गराउने।

**३**. **<u>कार्य</u>** : (**१**) स्वयं सहायता समूहका कार्यहरु देहाय बमोजिम हुनेछन्:

क) स्वस्थ रहनका लागि उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित भएका नागरिकहरुको स्वयं हेरचाह दैनिक रुपमा गर्ने,

ख) कुष्ठरोगी, हात्तीपाईले तथा उक्त कारणले अपागंता भएका नागरिकहरुलाई समाजले हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउन तथा उनीहरु माथि हुने विभेद हटाउन संगठित रुपमा कार्य गर्ने,

ग) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुको कारणले अपाङ्गता हुन सक्ने संभावित जोखिमबाट बचाउन प्रबर्द्धनात्मक कार्य गर्ने,

घ) आयआर्जनका कृयाकलापमा सहभागी भई आर्थिक सुदृढिकरणमा सघाउ पुर्याउने,

ङ) रोग लुकाउने प्रवृति हटाउन, समयमा नै रोगको निदान गरी उपचार गर्ने,

च) स्वास्थ्य सम्बन्धी सचेतना फैलाउने,

छ) सहयोगी भावना, सामूहिक कार्य तथा सामाजिक कृयाकलापहरुमा भाग लिने,

ज) सदस्यहरुको सिपमा वृद्धि गर्नका लागि अन्य कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गर्ने,

झ) सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्न सक्ने किसिमका कृयाकलापहरु सञ्चालन गर्ने,

ञ) सदस्यहरु वीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितब्ययी भावनाको विकास गर्ने,

ट) समूहका सदस्यहरुले बचत वृद्धि कार्यक्रमबाट आफ्नो उत्पादनशील आयमुलक एवं सिपमुलक कृयाकलापको लागि सरल रुपमा सापटी लिई आय आर्जनका कार्यहरु गर्ने,

ठ) समूहको हितको लागि हित-कोष को स्थापना गर्ने र कोषको प्रभावकारी परिचालन गर्ने,

ड) समूहको उद्देश्य पुरा गर्न समान उद्देश्य भएका सरकारी तथा गैह्र सरकारी सघं संस्थाहरुसगँ समन्वय, सहयोग र सहकार्य गर्ने।

४. **<u>सदस्यता</u>**: (१) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित, उपचारमा रहेका नागरिकहरु तथा सो कारणले

अपाङ्गता भएका, अन्य कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्ग (अति गरिव, साथै अन्य) नागरिकहरुलाई समूहको सदस्यता प्रदान गर्न सकिनेछ।

५. **<u>सदस्यको लागि योग्यता</u>**: (१) देहाय बमोजिमका नागरिकहरु स्वयं सहायता समूहको सदस्य हुन योग्य मानिनेछन्ः

क) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित भएको वा उपचारमा रहेको,

ख) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट अपाङ्गता भएको,

ग) समूहको उद्देश्य तथा विधान अनुरुप कार्य गर्न ईच्छुक भएको,

घ) सोह्र बर्ष उमेर पुरा भएको नेपाली नागरिक,

ङ) स्वास्थ्य, आर्थिक र सामाजिक दृष्टिकोणबाट बञ्चितीकरणमा परेका कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्गमा पर्ने ।

तर उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित वा उपचारमा रहेको नागरिक सोह्र बर्ष भन्दा मुनि भए निजको संरक्षण गर्ने एकैघरको अभिभावक पनि स्वयं सहायता समूहको सदस्य हुन सक्नेछन् तर सोह्र बर्ष पुगि सके पछि स्वयं प्रभावित नागरिक नै सदस्य हुनेछ तर शारीरिक असक्तताको करण स्वयं सदस्य हुन नसकेमा परिवारको नजिकको व्यक्ति सदस्य बन्न सक्ने छ।

६. **साधारण सदस्य :**

(१) उपेक्षित उष्ण प्रदेशीय रोगहरुबाट प्रभावित, उपचारमा रहेका नागरिकहरु तथा सो कारणले अपाङ्गता भएका, अन्य कुनै पनि कारणवस अपाङ्गता भएका व्यक्ति, एकल महिला र सीमान्तकृत वर्ग (अति गरिव, साथै अन्य) नागरिकले साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको नागरिकले समूहको सदस्यता लिन चाहेमा समूहले निर्धारण गरेको शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लिईने सदस्यता शुल्क सदस्यहरुको मासिक बचत शुल्क भन्दा वढी हुने छैन।

७. **साधारण सभा:**

(१) स्वयं सहायता समूह दर्ता भएको एक बर्ष भित्र प्रथम साधारण सभा सम्पन्न गरि सक्नु पर्नेछ:

(२) प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले छ महिना भित्र प्रत्येक समूहले साधारण सभा गर्नु पर्नेछ । यदि यदी कुनै विषेश कारणवस साधारणसभा हुन नसकेमा बर्दघाट नगरपालिकाको स्वास्थ्य शाखामा सो को कारण खुलाई निवेदन दिनु पर्नेछ ।

(३) बर्दघाट नगरपालिकाको स्वास्थ्य शाखाबाट अनुमति लिई तोकीएको समयमा साधारण सभा सम्पन्न गर्नु पर्नेछ ।

(४) समूहको सदस्यता प्राप्त सम्पूर्ण नागरिकहरु साधारण सभाको सदस्य हुनेछन्। साधारण सभा समूहको सर्बोच्च निकाय हुनेछ। यसले प्रचलित कानुनको अधिनमा रही आफ्नो विधान पारित एवं संशोधन गरी स्वास्थ्य शाखामा पेस गर्नेछ ।

(५) बिशेष परिस्थितिमा समूहको निर्णय एबं एक चौथाई सदस्यको लिखित निबेदन परेमा जुनसुकै बेला विशेष साधारण सभा बोलाउन सकिनेछ ।

८. **साधारण सभाको गणपुरक संख्या:** (१) स्वयं सहायता समूहको साधारण सभाको वैठक कम्तिमा बहुमत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । साधारण सभाको बैठकमा बहुमत उपस्थिति नभई पुन अर्को साधारण सभा बोलाउनु परेमा कम्तिमा १५ दिनको समय दिई अर्को साधारण सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सभाको सदस्यको एक चौथाई उपस्थिति भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

९. **साधारण सभाको सुचना** :(१) कार्य समितिले तोकेको मिति र समयमा स्वयं सहायता समूहको सचिवले अध्यक्षसगँ परामर्श लिई लिखित सूचनाद्वारा कम्तिमा एक हप्ता अघि सम्पूर्ण सदस्यलाई साधारण सभा बस्ने मिति, समय, स्थान र प्रश्तावहरुवारे जानकारी गराउनु पर्नेछ ।

१०. **साधारण सभाको काम, कर्तब्य र अधिकार** : (१) स्वयं सहायता समूहको साधारण सभाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन्

क) प्रत्येक ३ बर्षमा कार्य समितिको निर्वाचन सम्पन्न गर्ने,

ख) आवश्यकतानुसार विधानको संसोधन एबम् परिमार्जन गर्ने,

ग) बार्षिक बजेटको अनुमोदन गर्ने,

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

ङ) समूहको वार्षिक कार्य योजना बनाउने,

च) प्रभावित नागरिकहरुको स्वयं हेरचाह, उपचारमा रहेका नागरिकहरुको सहयोग, नयाँ विरामीहरु खोजपड्ताल, उपेक्षित उष्ण प्रदेशीय रोगहरु सम्बन्धी स्थानीय, प्रदेश तथा राष्ट्रिय कार्यक्रमहरु अनुकुल हुनेगरी कार्ययोजना निर्माण गर्ने,

छ) स्वास्थ्य संस्थासंग समन्वय गरी स्वास्थ्य सम्बन्धी कार्यक्रम निर्माण गर्ने,

ज) आय आर्जन तथा सीप विकाससंग सम्बन्धितयोजनाहरु निर्माण गर्ने,

झ) उपेक्षित उष्ण-प्रदेशीय रोगबाट प्रभावित र विरामीको पुनर्स्थापनाका लागि सरोकारवाला निकायसंग समन्वय, सहकार्य गर्ने,

ञ) कुष्ठरोग तथा हात्तीपाइले रोगबाट प्रभावित भई अपांगता भएका सदस्यका लागि सरकारी तथा गैह्र सरकारी सघं सस्थामा प्रतिनिधित्व, नेतृत्व, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता कृयाकलापमहरुमा पैरवी एवम् समन्वय गर्ने ।

११. **कार्य समितिको गठन विधि**: (१) स्वयं सहायता समूहको कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) प्रत्येक ३ बर्षमा साधारण सभाले अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ५ जना सदस्यहरु गरी जम्मा ९ जनाको कार्य समितिको निर्बाचन गर्नेछ,

ख) कार्य समितिका पदाधिकारी एबम सदस्यहरुको बैठक प्रत्येक महिनामा कम्तिमा एक पटक बस्नेछ,

ग) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि ३ वर्षको हुनेछ,

घ) कार्य समितिको कुनै पद रिक्त भएमा साधारण सदस्य मध्येबाट कार्य समितिले मनोनित गर्न सक्नेछ,

ङ) कार्य समितिको बैठकमा कम्तिमा बहुमत उपस्थितिलाई गणपुरक संख्या पुगेको मानिनेछ,

च) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कम्तिमा १ पदमा महिला हुनु पर्नेछ भने कुल कार्य समितिको ३३% महिला अनिवार्य हुनुपर्ने छ ।

**१२. <u>कार्य समितिको काम, कर्तव्य तथा अधिकार</u>** : (१) स्वयं सहायता समूहको कार्य समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन् :

क) समूहको प्रत्येक सदस्यहरुले स्वयं  हेरचाह गरे नगरेको सुनिश्चित गर्ने र यदि नगरेको भए गर्न लगाउँने,

ख) समूहका सदस्यहरु बिच सामूहिकता, आत्मियता र साझा चासोका आधारमा स्वयं  सहायता समूहका सम्भावित सदस्यहरूको पहिचान गर्ने, समूहमा बस्दा हुने फाइदा बारेमा विश्वस्त पार्ने र समूह गठन गर्न सहयोग गर्ने,

ग) समूह गठन गर्दा कुष्ठरोग प्रभावित वा उपचारमा रहेका, हात्तीपाईले रोगबाट प्रभावित, उक्त रोगबाट अपाङ्गता भएकाहरुलाई मुख्य प्राथमिकता दिई सदस्यता प्रदान गर्ने,

घ) प्रत्येक स्वयं  सहायता समूहबाट १ जना स्वयंसेवक छनौट गरी परिचालन गर्ने,

ङ) छनौट भएको स्वयंसेवकले स्वयं हेरचाह सम्बन्धी ज्ञान तथा सीप प्रभावित नागरिकको घर वा समूहमा गई प्रदान गर्ने र समूहलाई सशक्तिकरण गर्न सघाउ पुर्याउने,

च) उपेक्षित उष्ण प्रदेशीय रोगबाट प्रभावित र विरामीको पुनर्स्थापनाका लागि सरोकारवाला निकायसगँ समन्वय, सहकार्य गर्ने,

छ) कुष्ठरोग तथा हात्तीपाइले रोगबाट प्रभावित भई अपांगता भएका सदस्यका लागि सरकारी तथा गैह्र सरकारी सघं सस्थामा प्रतिनिधित्व, नेतृत्व, व्यवसायिक क्षमता अभिवृद्धि जस्ता कृयाकलापमहरुमा पैरवी एवम् समन्वय गर्ने,

**१३. <u>समूहको वैठक</u>** : (१) स्वयं सहायता समूहको वैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :

(क) समूहको नियमित वैठक प्रत्येक महिनामा एक पटक बस्नेछ,

(ख) समूहको वैठकहरु कार्य समितिले तय गरेको मिति, समय र स्थानमा नियमित रुपमा बस्नेछ,

(ग) बिशेष परिस्थिति बाहेक बैठकमा भाग लिन असमर्थ हुँदा त्यस्तो सदस्यले समूहलाई पूर्ब सूचना दिनु
पर्नेछ।

(घ) वैठकको अध्यक्षता समूहको अध्यक्षले गर्नेछ र सचिवले वैठकको प्रमाणीकरण गरि अभिलेख राख्नेछ।

**१४. <u>समूहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार</u>:**

**१) <u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>:**

क) नियमित रूपमा समूहको बैंठक बोलाउने र सो को अध्यक्षता गर्ने,

ख) वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनका लागि नेतृत्व प्रदान गर्ने,

ग) समूहका सदस्यहरुलाई क्रियाशिल गराउने र स्वयं हेरचाह गर्नका लागि आवश्यक कार्य गर्ने,

घ) समूहको उद्देश्य प्राप्तिका लागि सक्रियतापूर्वक कार्य गर्ने,

ङ) कुनै विषयमा मतदान हुदा मत बराबर भएमा निर्णायक मत दिने,

च) विधानमा तोकिए अनुसार साधारण सदस्यले माग गरे अनुरुप विशेष साधारण सभा बोलाउने,

छ) कुनै पनि पूर्वाग्रहको भावना नराखी सबैलाई समान र निष्पक्ष व्यवहार गर्ने,

ज) समूहमा आवश्यकता अनुसार कार्य विभाजन गरी सदस्यहरूलाई काममा लगाउँने,

झ) समूहका सदस्यहरुले आफै वा परिवारको सहयोगमा स्वयं हेरचाह गरे नगरेको नियमित अनुगमन तथा मूल्यांकन गर्ने,

ञ) अन्य सघं संस्था वा समूहसँग समन्वय गरी सहयोगको आदान-प्रदान गर्ने,

ट) समूहको निर्णय, कार्यक्रम, कृयाकलाप र समस्याहरुको अभिलेखिकरण राख्न सचिवलाई सहजिकरण गर्ने,

ठ) स्वयं सहायता समूह, स्थानीय सरकार र गैरसरकारी संस्थाहरूसँग सम्पर्क नागरिकको रुपमा काम गर्ने,

ड) समूहको वैठकमा भएका निर्णय, वार्षिक साधारण सभाका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवश्यकता अनुसार सम्बन्धित निकायमा पेश गर्ने,

ढ) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसँग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने ।

२) **<u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**:

क) अध्यक्षसँग सर/सल्लाह गरी कार्य विभाजनको आधारमा अध्यक्षको काममा साझेदारी गर्ने र सहयोग पुर्याउने,

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएका सम्पूर्ण कार्यहरू गर्ने गराउने,

ग) समूहमा सक्रियपूर्वक कार्य गर्ने र आफूले स्वयं हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने,

घ) स्वयं सहायता समूहलाई अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरी समूहका सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थतालाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जीवनयापन विताउन तथा समुदायमा घुलमिल र पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने,

ङ) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवश मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने,

च) उपेक्षित उष्ण प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने,

छ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

३) **सचिवको काम, कर्तव्य र अधिकार**:

क) अध्यक्षको परामर्शमा समूहको नियमित बैंठक बोलाउने,
ख) बैठकको तयारी गर्ने,
ग) बैंठकमा प्रस्तावहरू सङ्कलन गरी छलफल गराउने,
घ) बैंठकको सञ्चालन तथा निर्णय पुस्तिकामा निणर्यहरू उतार गर्ने,
ङ) समूहका सम्पुर्ण कागजातहरु सुरक्षित राख्ने,
च) समूहको वैठक तथा साधारण सभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने,
छ) समूहको वार्षिक प्रगति प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने,
ज) समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने,
झ) समूहका सम्पूर्ण प्रशासनिक कार्यहरूको जिम्मेवारी निर्वाह गर्ने,
ञ) सम्बन्धित कार्यालय तथा निकायहरूमा आवश्यकता अनुसार पत्राचार गर्ने,
ट) सूचना प्रवाह गर्ने र आफूले पनि स्वयं हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने,
ठ) समूहका सम्पूर्ण कार्यहरूको नियमित अनुगमन तथा रेखदेख गर्ने,
ड) स्वयं हेरचाह समूहलाई अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग सम्पर्क र समन्वय गरी समूहका सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थतालाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जीवनयापन विताउन तथा समुदायमा घुलमिल र पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने,
ढ) उपेक्षित उष्ण प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने,
ण) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने ।
त) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

४) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**:

क) समूहको हिसाब किताब पारदर्शी ढङ्गले राख्ने,
ख) समूहको नगद रकम वा जिन्सीहरु तथा सम्पूर्ण सम्पत्तिको सुरक्षा जिम्मा लिई राख्ने,
ग) समूहका आर्थिक कृयाकलापसगँ सम्बन्धितकागजातहरुको जिम्मेवारी लिई राख्ने,
घ) समूहको अध्यक्ष वा सचिवसँग मिली खाता सञ्चालन गर्ने,

ङ) समूहमा भएको रकम नियमित उठाउने, फरफारक गर्ने र समय-समयमा समितिलाई जानकारी दिने,

च) समूहको पूँजी तथा आकस्मिक कोषको व्यवस्थापन गर्ने,

छ) समूहको सबै कोषको हिसाव-किताव सुरक्षित र दुरुस्त राख्ने,

ज) सम्पत्ति तथा जिन्सी खरिद बिक्री गर्नु परेमा नियम अनुसार गर्ने गराउने,

झ) समूहको आयआर्जनमा वृद्धि हुने खालका कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने गराउने,

ञ) समूहको वार्षिक बजेट तयार पार्ने र वार्षिक रुपमा आन्तरिक लेखा परिक्षण गरि साधारणसभामा पेस गर्ने,

ट) स्वयं हेरचाह सदस्यहरुको मानसिक, शारिरिक, सामाजिक तथा आर्थिक असमर्थतालाई न्यूनीकरण गर्न, उनीहरुको जीवन पद्धतिमा सुधार ल्याउन, स्वस्थ्यकर जिवनयापन विताउन तथा समुदायमा घुलमिल र पुर्नस्थापना गर्ने कार्यमा सहजीकरण गर्ने,

ठ) उपेक्षित उष्ण-प्रदेशीय रोगहरु सम्बन्धी दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने,

ड) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने,

ढ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

## ५ <u>कार्य समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार</u>:

क) समूहको नियमित बैठकमा भाग लिई स्वयं हेरचाह गर्ने तथा गराउने,

ख) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित दिवस मनाउने र समुदाय स्तरमा हुने स्वास्थ्यका कृयाकलापहरुमा सहभागिता जनाउने,

ग) उपेक्षित उष्ण-प्रदेशीय रोगहरुसंग सम्बन्धित स्थानीय, प्रदेश, राष्ट्रिय कार्यक्रम र अभियानहरुमा सहयोग गर्ने तथा समुदायका सदस्यहरुलाई परिचालन गर्ने,

घ) समितिको बैठकमा नियमित रूपमा उपस्थित भई छलफलमा सक्रियपूर्वक भाग लिने,

ङ) कार्यसमितिबाट निर्णय गरी लिएको जिम्मेवारी पूरा गर्ने,

च) समूहका सदस्यहरुले नियमित रूपमा स्वयं हेरचाह गरे नगरेको हेर्ने यदि नगरेको भए समितिमा जानकारी गराउने,

छ) समूह प्रति सकारात्मक धारणा विकास गर्ने,

ज) पदाधिकारीहरूको कार्यमा आवश्यक परेमा सहयोग गर्ने,

झ) समूहलाई रचनात्मक कार्यहरू गर्न उत्प्रेरित गर्ने,

ञ) समूहमा बिवाद आइपरेमा समाधान गर्न सहयोग पुऱ्याउने,

ट) समूहको बैठकमा नियमित उपस्थित भई आफ्ना बिचारहरू राख्ने,

ठ) आफूले पनि स्वयं  हेरचाहको कार्यलाई नमूनाको रूपमा गर्ने,

ड) आवश्यकता अनुसार समूहको अन्य उपसमितिमा रही जिम्मेवारी बहन गर्ने,

ढ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**१५**. **<u>आर्थिक व्यवस्थापन</u>** १)  समूहले आर्थिक गतिबिधि संचालन गर्न आवश्यकता अनुसार आर्थिक नीति, ऋण नीति बनाई लागू गर्नेछ। समूहको आर्थिक श्रोतमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

क) सम्बन्धितबर्दघाट नगरपालिकाबाट प्राप्त हुने नियमित सहयोग,

ख) समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क,

ग) सरकारी तथा गैर सरकारी संस्थाबाट कानुन बमोजिम प्राप्त हुने अनुदान,

घ) समूहको सदस्यले बचत गर्ने मासिक बचत र सोबाट प्राप्त व्याज रकम,

ङ) कुनै नागरिक बिशेषबाट प्राप्त  सहयोग रकम,

च) स्थानीय स्तरमा कोष बृद्धिका लागि गरिएका क्रियाकलापबाट प्राप्त भएको रकम,

छ) समुहले संचालन गरेका ब्यबसायको आम्दानी,

ज) कानुन बमोजिम प्राप्त अन्य रकमहरु।

२) **<u>हित-कोष</u>** :

(क) प्रत्येक स्वयं  सहायता  समूहको एउटा हित-कोष  हुनेछ ।

(ख) समूह सदस्यको आय-आर्जन तथा उपचारको लागि सो रकम हित-कोष  को रुपमा परिचालन गरिनेछ ।

(ग)  समूहको हित-कोषको रकम नजिकको पायक पर्ने बैंक तथा वित्तिय संस्थामा खाता खोली राखिनेछ ।

३) **<u>हित-कोष को परिचलान</u>** :

(क)  स्वयं  हेरचाह समूहले निर्णय गरे अनुसारको रकम सदस्यहरुले मासिक रुपमा हित-कोषमा बचत गर्नुपर्नेछ,

(ख)  हित-कोषको रकमको कम्तिमा ७० प्रतिशत आयआर्जनका कार्यमा खर्च गर्नु पर्नेछ,

(ग)  समूहको सदस्यलाई आवश्यकता भएमा हित-कोषबाट ऋण/सापटी लिन सक्नेछ,

(घ) सदस्यले ऋण माग गर्न अनुसुची-५ अनुसार निवेदन दिनु पर्नेछ र अनुसुची-६ अनुसारको तमसुक गराई ऋण/सापटी प्रभाव गर्नु पर्नेछ,

(ङ) आय आर्जनका लागि लिईएको ऋणमा समूहले तोके बमोजिम न्यूनतम मासिक ब्याज लाग्नेछ,

(च) आकस्मिक उपचार कार्यका लागि लिईएको रकम वापत  समूहले तोकेको सर्त सहित फिर्ता गर्नु पर्नेछ,

(छ) कोषबाट प्राप्त हुने ऋण रकम बढीमा १ बर्ष सम्मको लागि दिईनेछ,

(ज) सामाजिक बिकृतिलाई वढावा दिने, सामाजिक एकतामा आँच आउन सक्ने र कानुनले वर्जित गरेका व्यवसायमा लगानी गर्न पाइने छैन ।

४) **लगानी सुरक्षण** :

(क) कुनै पनि सदस्यले आफ्नो नाममा जम्मा भएको हित-कोषको रकमको अधिकतम् ९० प्रतिसत सम्म मात्र लिन पाउनेछ,

(ख) ऋण लिने नागरिकले तिर्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेको सदस्य मार्फत असुल उपर गरिनेछ,

(ग) जमानी मार्फत सावा व्याज असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाईनेछ,

(घ) रकम लगानी तथा असुल उपर गर्नका लागि ३ सदस्यि उपसमिति गठन गरिनेछ सो समितिको निर्णय अनुसार काम कार्वाही गरिनेछ,

(ङ) हित-कोष परिचालनमा कार्य समितिका सदस्यहरु जमानी बस्न पाईने छैन ।

५) **आय व्ययको अनुमोदन** : प्रत्येक समूहले अनुसुची १३ मा व्यवस्था भए बमोजिम आम्दानी खर्चको विवरण

तयार पारी साधारण सभाको पूर्ण बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

६) **कर्मचारी** : संस्थाले कर्मचारी परिचालन कार्यविधि बनाई सोहिअनुरूप परिचालन गर्न सक्ने छ ।

७) **बैंक खाता संचालन** : समुहले नेपाल सरकार बाट मान्यता प्राप्त बैंक मा संस्थाको अधक्ष्य, सचिव र कोषाध्यक्ष मध्य कुनै २ जनाको संयुक्त हस्ताक्षर बाट संचालन गर्ने गरि संचालन गर्ने छ ।

८) **लेखापरिक्षण** : संस्थाको बार्षिक रुपमा संस्थाको लेखापरीक्षण गरि साधारण सभामा पेश गरि अनुमोदन गर्ने छ ।

१६. **विविध**

१) **निर्वाचन सम्बन्धी व्यवस्था**: यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको वैठकले निर्वाचन अधिकृत नियुक्त गर्नेछ । निर्वाचन अधिकृत नियुक्त भएको मितिले एक महिना भित्र निर्बाचन सम्पन्न गराई सक्नु पर्नेछ।

२) **राजिनामा** :

(क) यस समूहको अध्यक्ष बाहेक कुनै पदाधिकारीले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष र अध्यक्षले आफ्नो पदबाट राजिनामा दिन चाहेमा कार्यसमिति समक्ष लिखित राजिनामा दिन सक्नेछन् ।

(ख) राजिनामा स्वीकृत नभए सम्म कुनै पनि पदाधिकारी आफ्नो पदमा बहाल रहि रहेको मानिनेछ ।

३) **<u>विधान संशोधन</u>:** १) समूहको विधान आवश्यकता अनुसार संशोधन गर्नु पर्ने भएमा साधारण सदस्यहरु मध्येका दुई तिहाई बहुमत सदस्यहरुबाट संशोधन गरिनेछ।

४) **<u>उप-समितिहरु गठन गर्ने</u>:** १) साधारण सभाबाट स्विकृत लिई कार्य समितिले आफ्ना कार्यक्रमहरु सञ्चालन गर्न आवश्यकता अनुसार उप-समितिहरु गठन गर्न सक्नेछ।

५) **<u>विघटन</u>:**

(क) बर्दघाट नगरपालिकाले समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा उद्देश्य प्राप्त गर्न असफल भएमा वा नबिकरण नभएमा त्यस्ता समूहलाई विघटन गर्न सक्नेछ,

(ख) यसरी समूह विघटन भएमा समूह सदस्यबाट भएको वचत रकम र सो को ब्याज सम्पूर्ण सदस्यलाई फिर्ता गर्नु पर्नेछ र हित-कोष को रुपमा रहेको रकम बर्दघाट नगरपालिका वा अन्य संघ संस्थाबाट प्राप्त रकम सबै बर्दघाट नगरपालिकाको कोषमा जम्मा हुनेछ ।

(ग) विघटित समूहको चल अचल सम्पत्ति बर्दघाट नगरपालिकाको हुनेछ ।

६) **<u>समूह छोड्नु पर्ने अवस्था/सदस्यको मृत्यु/सदस्यले पाएका अवसर</u>** :

(क) कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको कोषको रकमबाट २ प्रतिशत रकम कट्टा गरी बाँकी रकम समूहले भुक्तानी गर्नु पर्नेछ,

(ख) यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पूर्ण रकम प्रचलित कानुनले तोके बमोजिम निजको सवभन्दा नजिकको आफन्तलाई व्याज सहित फिर्ता गर्नु पर्नेछ,

(ग) समूहले कुनै पनि सघं, संस्था वा कार्यालयबाट पाएको कुनै पनि अवसरहरु आवश्यकता हेरी समूहको वैठकबाट निर्णय गराई पालै-पालो सबै सदस्यले पाउने गरी वितरण गर्नु पर्नेछ ।

आज्ञाले:

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत